# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

प.सं.:

च.नं.:

मितिः २०८१/०१/०३

## सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को तेस्रो त्रैमासिक (माघ,फाल्गुन र चैत्र) को सामाजिक सुरक्षा भत्ता बिद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सम्बन्धित लाभग्राहीहरुको बैंक खातामा जम्मा गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सिद्धार्थ बैंक लि.,देवघाट शाखामा हुनसक्ने भिडलाई मध्यनजर गर्दै निम्नानुसार वडाको लागि मिति तोकिएको छ साथै सम्बन्धित बैंकको जुनसुकै शाखाबाट रकम प्राप्त गर्न सकिनेछ ।

**तपसिल:**

| क्र.स | मिति | वडा नं. |
|---|---|---|
| १. | २०८१ बैशाख ०६ र ०७ गते | वडा नं.५ |
| २. | २०८१ बैशाख ०९ गते | वडा नं.४ |
| ३. | २०८१ बैशाख १० गते | वडा नं ३ |
| ४. | २०८१ बैशाख ११ गते | वडा नं.२ |
| ५. | २०८१ बैशाख १२ गते | वडा नं.१ |

सामाजिक सुरक्षा भत्ता जम्मा गरिएको खाता विशेष प्रकारको खाता हो । उक्त खातामा रहेको रकमले अन्य बचत खाता सरह व्याज प्राप्त गर्दछ । त्यसैले भत्ता रकम जम्मा हुनासाथ निकाल्नु पर्छ, खर्च गरिहाल्नुपर्छ भन्ने हुँदैन । आवश्यक परेमा जुनसुकै बेला निकाल्न सकिनेछ ।

**नोट:**

सामाजिक सुरक्षा भत्ता मूल अभिलेख अन्तर्गतको (दलित बालबालिका) शीर्षकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मार्फत रकम निकासा प्रकृयामा रहेकाले उक्त लाभग्राहीहरुको रकम निकासा हुन साथ सम्बन्धित लाभग्राहीहरुलाई जानकारी गराइनेछ ।

२०८१/०१/०३

हेमनाथ लामिछाने

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन: ०५६-५०००६८, ५०००७२
इमेल: devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइट: devghatmun.gov.np